# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**शनिश्चरे, झापा, प्रदेश नं १, नेपाल**

**प.सं. २०७८/०७९ (कृषि बिकास शाखा)**
**च नं.**

मिति : २०७८/११/११

दोस्रो पटक प्रकाशित मिति २०७८/११/११
प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७८/११/१८

प्रस्ताव आव्हानको सूचना ।

आर्थिक बर्ष २०७८/७९ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, अर्जुनधारा नगरपालिकाको कार्यालय अन्तर्गत राष्ट्रिय र स्थानिय महत्वका खाध्य तथा पोषण सुरक्षामा टेवा पुरयाउने बाली बस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट बिकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले सूचिकृत कृषक समुह/कृषि सहकारी/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन भित्र अर्थात मिति २०७८/११/१८ गते भित्र अर्जुनधारा नगरपालिकाको कार्यालय कृषि बिकास शाखामा तोकिएको ढाँचा (अनुसूची-१०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै यस बिषयमा थप जानकारीको लागी अर्जुनधारा नगरपालिका कृषि बिकास शाखामा सर्म्पक गर्न सकिने छ ।

<u>क) पकेटको कार्य क्षेत्र अर्जुनधारा नगरपालिका:</u>

<u>ख) कार्यकमको नाम :-</u>

१) मकै बाली पकेट कार्यक्रम
२) धान बाली पकेट कार्यक्रम

<u>निबेदनका साथ पेश गर्नुपर्ने कागजातहरु :-</u>

१.सम्बन्धित निकायमा कृषक समूह, कृषि सहकारी/कृषि फर्म, दर्ता नविकरण भएको प्रतिलिपिहरु तथा यस नगरपालिकामा सूचिकृत भएका प्रमाण पत्रको प्रतिलिपि अनिवार्य हुनुपर्ने छ ।
२.स्थायी लेखा नम्बर (PAN)प्रमाणपत्रको प्रतिलिपि ।
३.समूह, समिति, सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि ।
४.समूह, समिति, सहकारी संस्थाका सदस्यहरुको नामावली ।
५.कार्यक्रम संचालन हुने स्थान (जग्गा,जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तीमा ५ बर्षको सम्झौता नामा ।
६.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
७.निवेदक सदस्यहरुको नेपालि नागरिकता वा परिचयपत्र खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

नोट : अनुसूची- १० को फारम नगरपालिकाको वेभसाईट बाट डाउनलोड गर्न सक्नु हुने छ । ( प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना म्यानुअल २०७७ )

२०७८।११।११
गीता कुमारी राई
प्रमुख प्रशासकीय अधिकृत

फोन नं : ०२३-५९७००२/०२३- ४६५५०२
इमेलः arjundharamun@gmail.com/ info@arjundharamu.gov.np
वेभसाइटः www.arjundharamun.gov.np